का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ कात्तिक २०७९,
बुधबार
2 November 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



एमालेको चुनावी घोषणापत्र

# धरातल टेक्ने प्रयास

**०७४ मा देखाएका सपनाहरुलाई समेत छाडेर कतिपय विषयहरू आएका छन् । कार्यान्वयनको तहमा सुरुवात नै गर्न नसक्ने विषयलाई छाड्ने नीतिले पनि एमालेको घोषणापत्रले धरातल टेक्ने प्रयासमा मद्दत गरेको देखिन्छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

नेकपा एमालेले प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको चुनावका लागि ९६ पृष्ठ लामो घोषणापत्र सार्वजनिक गरेको छ। चुनावका बेला घर घरमा ग्याँसको पाइपलाइन पुऱ्याउने जस्ता एजेण्डा पस्किने, पुरा गर्ने उस्तै दृढता देखाउने तर, कार्यान्वयनको तहमा केही पनि नगर्ने वा गर्न नसक्ने विगतका प्रवृतिलाई यसपटक एमालेले छाडेको छ। ०७४ मा देखाएका सपनाहरुलाई समेत छाडेर कतिपय विषयहरु आएका छन् । कार्यान्वयनको तहमा सुरुवात नै गर्न नसक्ने विषयलाई छाड्ने नीतिले पनि एमालेको घोषणापत्रले धरातल टेक्ने प्रयासमा मद्दत गरेको देखिन्छ।

होटल याक एण्ड यतीबाट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक गरेको घोषणापत्रले मुख्य २० विषय पुरा गर्ने दृढतका साथ पस्केको छ जो कार्यान्वयनको तहमा जान सक्ने प्रकृतिकै देखिन्छ । सबैभन्दा पहिले एमालेले 'समृद्धिका लागि नीतिगत र संरचनागत सुधार गर्ने' भनेको छ। यसका लागि सरकार बनेको पहिलो दिनदेखि नै कार्यान्वयनका लागि पहल गर्न सकिन्छ। संरचनागत सुधारका लागि चाहिने केवल इच्छाशक्ति हो। इच्छाशक्ति भएपछि नीतिगत सुधार पनि पुरा हुन सक्छ।

– बाँकी पृष्ठ २ मा



घोषणापत्र जनतालाई अल्मल्याउन, छक्काउनका लागि होइन, यो देश विकासको मार्गचित्र हो । विकासको निम्ति एउटा संकल्प हो, एउटा प्रतिबद्धता हो ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

# तोसिमा कार्कीको उम्मेदवारी कायम

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

सर्वोच्च अदालतले ललितपुर क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभामा डा. तोसिमा कार्कीको उम्मेदवारी कायम राख्न आदेश दिएको छ। नेपाल मेडिकल काउन्सिलको सदस्य रहेकाले उनले लाभको पद लिएको र त्यस्तो व्यक्ति उम्मेदवार बन्न अयोग्य हुने भन्दै निर्वाचन आयोगले कार्की उम्मेदवारी खारेज गरेको थियो । त्यसविरुद्ध सर्वोच्च पुगेकी कार्कीको निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश कुमार चुडालको इजलासले उम्मेदवारी कायम गर्न निर्वाचन आयोगले अन्तरिम आदेश दिएको हो ।

कार्कीको नेपाल स्वतन्त्र पार्टीबाट ललितपुर ३ प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेकी थिइन् । कार्की नेपाल मेडिकल काउन्सिलको निर्वाचित सदस्य रहेको र उक्त पद लाभको पद भएको भन्दै निर्वाचन आयोगले १२ कात्तिकमा कार्कीको उम्मेदवारी खारेज गरिदिएको थियो । आयोगको उक्त निर्णयविरुद्ध कार्कीले सोमबार सर्वोच्च अदालतमा रिट दिएकी थिइन् । मंगलबार उम्मेदवारी कायम राख्न आदेश भएको हो ।

सर्वोच्च अदालतले मेडिकल काउन्सिलको सदस्य पद नियमित पारिश्रमिक पाउने पद वा नियमित जिम्मेवारीको पद नभएको बताएको छ । प्रतिनिधिसभा सदस्यको निर्वाचन एन २०७४ को दफा १२ को खण्ड (ङ) अनुसार काउन्सिलको सदस्य पद लाभको पद नमानिने व्याख्या गरिएको छ ।आदेशमा भनिएको छ, 'कुनै काउन्सिल वा संगठित संस्थाको बैठकमा भाग लिँदा पाउने बैठक भत्ता वा भ्रमण भत्ता वा सवारी खर्च जस्ता आर्थिक लाभ नियमित प्रकृतिको नहुने अस्थाको देखिन आउँछ ।'

सर्वोच्चले महेन्द्रबहादुर पाण्डेविरुद्ध निर्वाचन आयोग भएको मुद्दाको नजीर पनि उल्लेख गरेको छ । जसमा 'संविधानले

बाँकी पृष्ठ २ मा



## 'नो, नट अगेन'मा आज सुनुवाइ

निर्वाचन आयोगले 'नो नट अगेन' अभियानबारे जारी गरेको विज्ञप्तिबिरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दाको सुनुवाई आज हुने भएको छ । बुधबारका लागि पेसी तोकिए पनि मुद्दाको चापका कारण आजका लागि सुनुवाई हुने भको रिट निवेदक वरिष्ठ अधिवक्ता डा.दिनेश त्रिपाठीले जानकारी दिए ।

गतसाता आयोगले यो अभियान गैर कानुनी रहेको भन्दै थप क्रियाकलाप अघि नबढाउन निर्देशन दिएपछि त्यसको आलोचना मात्रै भएन आयोग विरुद्धको सर्वोच्च अदालतमा मुद्दा समेत पर्यो । वरिष्ठ अधिवक्ता त्रिपाठीले आयोगको सो कदम संविधानले दिएको अभिव्यक्ति स्वतन्त्रताको हक विपरीत रहेको भन्दै रिट दायर गरेका थिए । उनले आयोगले यस सम्बन्धमा जारी गरेको सूचना स्वेच्छाचारी र बदनियतपूर्ण रहेको भन्दै उक्त सूचना खारेजीको माग गरेका छन् ।




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नजिँकिदै गर्दा भावी राष्ट्रपतिका आकांक्षीहरु पनि बढ्न थालेका छन् । सत्ता गठबन्धनमा रहेका दलहरू कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी लगायत दलका शीर्षस्थ नेताहरुको आकांक्षा बढ्न थालेको हो । सत्ता गठबन्धन कायम रहरै सरकार गठन भएमा कांग्रेसले प्रधानमन्त्री लिने र हाल उपराष्ट्रपति नन्दबहादुर पुन राष्ट्रपतिका रुपमा अघि जाने तयारीमा छन् । त्यस्तै, माओवादी केन्द्रसँग नजिकिएका नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई पनि राष्ट्रपतिको आकांक्षीका रुपमा देखिएका छन् ।

'हालका उपराष्ट्रपति नन्दबहादुर पुनलाई माओवादीभित्रै विरोध हुने देखिन्छ । किनभने उहाँले निरन्तर पार्टीबाट अवसर पाइरहेका पुनलाई राष्ट्रपति बनाउने कुरामाविरोध हुने र बाबुराम भट्टराईको नाममा सहमति जुट्ने सम्भावना छ, हेरौं निर्वाचनपछिको समीकरण माओवादी केन्द्रका एक केन्द्रीय सदस्यले भने । उनले गठबन्धन कायमै रहे माओवादीले राष्ट्रपति पाउने दाबी समेत गरेका छन् ।

त्यस्तै, पूर्वसभामुख अग्निप्रसाद सापकोटा र पूर्व प्रदेश प्रमुख अमिक शेरचनपनि राष्ट्रपतिको दाबेदारी गर्ने तयारीमा छन् । तसर्थ, पनि सभामुख सापकोटाले सिन्धुपाल्चोकबाट उम्मेद्वारी नदिएको नेताहरु बताउँछन् ।

त्यस्तै, नेपाली कांग्रेसबाट रामचन्द्र पौडेल र कृष्ण सिटौलाको नाम राष्ट्रपतिका लागिचर्चामा आएको छ। तर, नेतापौडेलले प्रधानमन्त्रीकै दाबी गरेका कारण उनी राष्ट्रपति चयन हुने अवस्थाभने न्यून देखिन्छ ।

यता, एकीकृत समाजवादीका नेता झलनाथ खनाल एमाले हुँदाबाटै राष्ट्रपतिका लागि दाबेदार मानिन्छन्। उनले उम्मेदवारी दिनुअघि राष्ट्रपति बनाउने विषयमा सत्ता गठबन्धनमा छलफल पनि भएको थियो ।

– बाँकी पृष्ठ २ मा

# एकै दिन ९ वटा स्पष्टीकरण

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ कात्तिक

निर्वाचन आचारसंहिता उल्लंघन बढ्न थालेको छ । निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका निर्वाचनका लागि जारी निर्वाचन आचारसंहिता उल्लंघनविरुद्ध उजुरीहरु बढ्न थालेको बताएको छ ।

प्राप्त उजुरीका आधारमा मंगलबार एकै दिन ९ वटा स्पष्टीकरण सोधेको छ ।

आयोगले लाभको पदमा रहेका, निर्वाचनका उम्मेदवार, स्थानीय जनप्रतिनिधि, शिक्षक तथा सरकारी कर्मचारीसमेतलाई २४ घण्टाभित्र स्पष्टीकरण दिन बेल्लाबेग्लै पत्र पठाएको हो। निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आचारसंहिताको पालना गर्न सबैमा आग्रह

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# सरकारी स्तरबाटै वैदेशिक रोजगार सञ्चालन : एमाले

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ कात्तिक

नेकपा एमालेले आफ्नो पार्टीको नेतृत्वमा सरकार बनेमा सरकारी स्तरबाट कामदार वैदेशिक रोजगारीमा पठाउने नीति कार्यान्वयन गर्ने बताएको छ । मंगलबार सार्वजनिक गरेको आफ्नो चुनावी घोषणापत्रमा एमालेले भनेको छ, 'देशलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्दै रोजगारदाता मलुकसँग श्रम सम्झौता गरी सरकारी माध्यमबाट श्रमिक पठाउने व्यवस्था गरिने छ ।'

वैदेशिक रोजगारीमा गएकाहरुको व्यवस्थित अभिलेख राखिने, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरिने भन्दै घोषणापत्रमा एमालेले भनेको छ, 'त्यस क्षेत्रका विकृतिहरुलाई कडाइका साथ नियन्त्रण गरिने छ ।'

यसअघि चुनावी घोषणापत्र सार्वजनिक गरेका दलहरुले जस्तै एमालेले पनि वैदेशिक रोजगारमाथिको निर्भरता घटाउने बताएको छ । घोषणापत्रमा एमालेले 'खेतबारीमा पानी खाडीमा हैन स्वदेशमै जवानी' नारा तय गरेको छ। प्रत्येक आर्थिक वर्ष ५ लाख रोजगारी सिर्जना गर्ने र उनीहरुलाई न्यूनतम ज्याला २५

– बाँकी पृष्ठ २ मा

## आजदेखि साउदी आईडीको नवीकरण

**काठमाडौं/मस–** नेपालस्थित साउदी अरेबियाको दूतावासले कामदारको भिसा लगाउनका लागि जारी गरिएको दूतावासको परिचयपत्र (साउदी आईडी)लाई अपग्रेड गरी नवीकरण गर्न शुरु गरेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले तोकिएका कागजातसहित सञ्चालक आफैं संघको कार्यालयमा उपस्थित भई नवीकरणका लागि निवेदन दिन वैदेशिक रोजगार व्यवसायीलाई आग्रह गरेको छ ।

साउदी आईडी अपग्रेड गरी नविकरण गर्न बुधबार साउदी आईडी नम्बर १ देखि १२५ नम्बरसम्मका व्यवसायीहरुले सम्पर्क गर्नुपर्ने संघले बताएको छ। संघले लेटरहेडमा तोकिएको ढाँचामा निवेदन, गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र, इजाजतपत्र तथा प्यान कार्ड, कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको रंगीन फोटोकपी गरी कम्पनीको छाप लगाएर पेश गर्न भनेको छ। १२५ पछाडिका इजाजतपत्रवालालाई क्रमशः सम्पर्क गर्न संघले आग्रह गरेको छ।

## साउदी दुतावासको ID कार्ड सम्बन्धी अत्यन्त जरुरी सूचना ।

साउदी अरब मुलुकमा वैदेशिक रोजगार व्यवसाय गर्ने व्यवसायीज्यूहरुलाई नेपालस्थित साउदी राजदुतावासले कामदारको भिषा लगाउनको लागि जारी गरिएको दुतावासको ID कार्डलाई Up Grade गरी नविकरण गर्ने प्रयोजनार्थ तल उल्लेखित समय तालिकाअनुसार निम्न कागजातसहित संघ कार्यालयमा निवेदन पेश गर्नुहुन जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरु:**
१. तोकिएको ढाँचामा निवेदन ।
२. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको कलर प्रतिलिपि ।
३. कम्पनी रजिष्ट्रारको प्रमाणपत्रको कलर प्रतिलिपि ।
४. इजाजत पत्रको कलर प्रतिलिपि ।
५. प्यान कार्डको कलर प्रतिलिपि ।

**AGENCY UPDATE SCHEDULE FOR DOCUMENT SUBMISSION**

| Date | Embassy Card No |
|---|---|
| 31 Oct- 04 Nov | 1-125 |
| 07 Nov- 11 Nov | 126-250 |
| 14 Nov- 18 Nov | 251-375 |
| 21 Nov- 25 Nov | 376-500 |
| 25 Nov- 02 Dec | 501-625 |

**प्रेमबहादुर कटुवाल**
**सह-संयोजक**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO: 4 (Male/ Female) (Salary :25000 to 45,0000)

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ ।
म्यानपावरमा ८ देखि १० वर्षको अनुभव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको र अंग्रेजी राम्रो सँग बोल्न र लेख्न सक्ने हुनुपर्दछ ।

Email: hr@mobhiraservices.com
Contact: 985-1146233/ 982-3486681

**Mobhira Recruitment Consultancy Service Pvt. Ltd.**
Budhanilkantha-06, Hatigauda, Kathmandu

## Vacancy Announcement

One of the reputed recruitment agency is seeking for following applicants.

- Accountant : 2 (Male/Female)
- PRO : 2 (Male/Female)
- Documentation : 2 (Male/Female)

सम्बन्धित काममा कम्तीमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

Candidates are eligible with the above qualities can drop their CV at dubaioverseas2022@gmail.com

**दुबई ओभरसिज इन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ७५१/०६४/०६५
महराजगंज-३, काठमाडौं, नेपाल
फोन: ०१-५९०५७६३,५९०५७६४, ९८५१३२३३५१, ९८४५६४२१०३

# निर्वाचनमा करिब साढे दुई लाख जनशक्ति परिचालित हुने

**काठमाडौं/मस-** मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि सुरक्षाकर्मी बाहेक करिब दुई लाख ४६ हजार जनशक्ति परिचालित हुनेछन्। निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदमा आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न वा तोक्न सक्ने व्यवस्था रहेको छ।



नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानूनमा आयोगको जिम्मेवारी बमोजिमका कार्य सम्पादनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउन वा काममा लगाउन सकिने व्यवस्था रहेको छ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९ मा 'जनशक्ति' भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी सम्झनुपर्छ र सो शब्दले त्यस्तो निकायमा काजमा, करारमा वा ज्यालादारीमा कार्यरत कर्मचारीलाई समेत जनाउने उल्लेख गरिएको छ।

आयोगको कान्तिपथस्थित कार्यालयमा सञ्चालनमा रहेको समानुपातिक निर्वाचन प्रणालीका मुख्य निर्वाचनको कार्यालयमा ५५ जना, निर्वाचनका लागि गत असोज २० गतेसम्ममा सबै जिल्लामा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आइसकेको छ। निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा खटिने मुख्य निर्वाचन अधिकृतका लागि न्याय परिषदको सिफारिसमा जिल्ला अदालतका न्यायाधीश र निर्वाचन अधिकृतका लागि न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवाका रा.प. द्वितीय श्रेणीका कर्मचारीलाई खटाउने गरिएको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन कार्यविधि), २०७९ मा भएको व्यवस्था अनुसार दुई सय ५० सम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत एक एक जनासहित नौ जना, दुई सय ५१ देखि पाँच सयसम्म मतदाता भएका मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत एक एक जनासहित ११ जना कर्मचारी रहनेछन्। पाँच सय भन्दा बढी मतदाता भएका मतदान केन्द्रमा थप एक जना स्वयंसेवक रहनेछन्। कार्यविधिमा अस्थायी मतदान केन्द्रको पनि व्यवस्था रहेको छ।

मतदान केन्द्र सम्बन्धी खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि मतदान केन्द्रको आधारमा लेखापाल वा सह लेखापाललाई काजमा ल्याउन सक्नेछ।

मतपत्र रुजु गर्ने, प्याकेजिङ्ग गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि मतदाता संख्याका आधारमा राजपत्र अनङ्कित वा सो सरहका कर्मचारी काजमा ल्याउन सक्नेछ। सोका लागि पन्ध्र हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि एक जना, पन्ध्र हजार एकदेखि तीस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि दुई जना, तीस हजार एक देखि पैतालिस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीन जना, पैतालिस हजार एकदेखि साठी हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि चार जना, साठी हजार एक देखि ७५ हजार सम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि पाँच जना, पचहत्तर हजारभन्दा बढी मतदाता भएको निर्वाचन क्षेत्रको लागि छ जना कर्मचारी काजमा ल्याउन सकिनेछ।

मतदान केन्द्रको लागि आवश्यक पर्ने अन्य निर्वाचन सामग्रीको चेकजाँच, रुजु, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीबाट अपुग हुने देखिएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि थप जनशक्ति काजमा ल्याई कार्यसम्पादन गर्न सकिनेछ। सोका लागि एक सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको एक जना र श्रेणी विहीन वा सो सरहको कर्मचारी एक जना गरी जम्मा दुईजना, एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुई जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना गरी तीन जना, दुई सय भन्दा बढी मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीन जना र श्रेणी विहीन वा सो सरहको कर्मचारी एक जना गरी चार जना रहन सक्नेछन्।

आयोगले निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम समयमा सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले निर्वाचनको मिति घोषणा भएपछि बढीमा दुई महिनाको लागि कर्मचारी काजमा लिन सक्नेछ।

निर्वाचनमा नखटाइने कर्मचारी

निजामती कर्मचारी, शिक्षक तथा अन्य सरकारी संघ संस्थासँग सम्बद्ध राष्ट्रियस्तरको ट्रेड युनियनका संघ, प्रदेश र जिल्ला कार्यसमितिका पदाधिकारी, कुनै कर्मचारीको नजिकको नातेदार उम्मेदवार भएमा सो निर्वाचन क्षेत्रमा त्यस्तो कर्मचारीलाई निर्वाचनको काममा नखटाइने व्यवस्था निर्देशिकाले गरेको छ। जनशक्ति व्यवस्थापन निर्देशिकामा कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षा गार्ड, पाले पहरा बस्ने कर्मचारी र स्वास्थ्य सेवा, विद्युत, टेलिफोन, बैंक, वारुणयन्त्र, खानेपानी जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने निकायका कर्मचारीलाई त्यस्तो सेवाको लागि वैकल्पिक व्यवस्था नगरी निर्वाचन कार्यमा खटाउनु हुँदैन भनिएको छ।

# हापुरे-गंगटे सडक खण्ड कालोपत्रे हुन्छः कोमल वली

**रामप्रसाद सुवेदी/मध्यान्ह**
दाङ, १५ कात्तिक

दाङ क्षेत्र नं ३ की प्रतिनिधिसभा सदस्य उम्मेदवार कोमल वलीले हापुरे-गंगटे सडक खण्ड कालोपत्रे हुने बताएकी छिन्। बबई गाउँपालिकाको वडा नम्बर १ मा पुगेर मतदाताहरुसँग कुरा गर्दै उनले आफु निर्वाचित भएपछि सडक कारोपत्रे प्राथमिकतामा राख्ने बताइन्।



हापुरेदेखि गंगटेसम्मको बाटो २५ करोडको ठेक्का परेको भएपनि ठेकेदारबाट काम गर्न ढिलाइ गरेको बताउँदै वलीले सरकार फेरिएपछि काम रोकिएको आरोप लगाइन्।

नेकपा एमालेको तर्फबाट उम्मेदवार बनेकी वलीले अहिले पश्चिम दाङको बबई गाउँपालिकाका मतदातासँग भेटघाटलाई तिब्रता बनाएकी छिन्।

वलीले आफू निर्वाचित भएमा एक वर्षभित्र चोभरे बन्चरे खोलामा पुल बनाउने र बन्चरेदेखि गगटेसम्म पर्ने विभिन्न खोलामा झोलुङ्गे पुल बताएकी छिन्। केउरेनीबाट बबई जोड्ने पुल बनाउने लगायतका काम गर्न पहिलो चरणमा पहल गर्ने उनको प्रतिबद्धता छ।

## एमालेको...

'राष्ट्रहित र नागरिक हितलाई सर्वोपरि राखी राज्य सञ्चालन गर्ने' एमालेको अर्को प्रतिवद्धता छ। 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' को नीति कार्यान्वयन गर्ने प्रतिवद्धतालाई एमालेले निरन्तरता दिएको छ। स्वदेशी उत्पादन र स्वदेशी उपभोगका लागि 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन उपलब्ध गराउने, सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता गर्ने, 'पूर्ण साक्षर देश र उद्यमशील शिक्षित युवा' को नीति कार्यान्वयन गर्ने, 'निरोगी नेपाल, सबल नागरिक' नीति अघि बढाउने विषय एमालेको चुनावी घोषणापत्रमा छ।

सबै परिवारलाई मासिक १० हजार लिटरसम्म पानी निशुल्क दिने घोषणा एमालेको छ। सबैलाई स्वच्छ पिउनेपानी उपलब्ध गराउने विगतको प्रतिवद्धतालाई नयाँ रुपमा निरन्तरता दिइएको छ। वर्षायाममा मासिक ५० युनिट र हिउँदमा ३० युनिट विद्युत निशुल्क गर्ने भनेको छ। हाल २० युनिटसम्म निशुल्क विद्युत कार्यान्वयनमै छ।

'खेतबारीमा पानी, दोब्बर हुन्छ उब्जनी' को मान्यता अघि बढाउने, सडक पूर्वाधार र सुलभ सार्वजनिक यातायातको सुनिश्चितता गर्ने, 'व्यवस्थित सहर : स्वच्छ र हरियाली बस्ती' को अवधारणा कार्यान्वयन गर्ने, सरल, सहज सार्वजनिक सेवा' को प्रबन्ध गर्ने, सामाजिक सुरक्षाको दायरा र सुविधा विस्तार गर्ने, सबै नागरिकमा वित्तीय पहुँच स्थापित गर्ने, 'स्वस्थ महिनावारी, सुरक्षित मातृत्व' को नीति कार्यान्वयन गर्ने, सस्तो, सहज र भरपर्दो सञ्चार सुविधाको प्रबन्ध गर्ने, 'सभ्य समाज : मर्यादित नागरिक' को नीति कार्यान्वयन गर्ने, प्रतिव्यक्ति आय दोब्बर गर्ने नीति लिने एमालेको प्रतिवद्धता छ। सुन्दा राम्रा लाग्ने र कार्यान्वयनमा लैजान इच्छाशक्ति भए पुग्ने यस्ता नीतिहरु कार्यान्वयनमा नेतृत्व जिम्मेवार भए पुग्छ।

घोषणापत्र सार्वजनिक गरेपछिको संवादमा एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीले ल्याएको घोषणापत्र देश विकासको मार्गचित्र भएको बताए। उनले भने, 'घोषणापत्र जनतालाई अल्मल्याउन, छक्काउनका लागि होइन, देश विकासको मार्गचित्र हो। विकासको निम्ति एउटा संकल्प हो, एउटा प्रतिबद्धता हो।'

## तोसिमा...

किटानीसाथ कुनै व्यक्तिलाई कुनै कुराको लागि योग्य वा समर्थ घोषित गरेको छ भने त्यस्तो व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै किसिमबाट होस् कानुनले अयोग्य घोषित गर्न नमिल्ने भनी सवोच्चले व्याख्या गरेको छ।

सर्वोच्चको आदेशसँगै कार्कीको उम्मेदवारी तत्कालका लागि कायम भएको छ। अब दुई न्यायाधीश रहने संयुक्त इजलासमा यस मुद्दाको सुनुवाइ हुनेछ। विपक्षीहरुले उम्मेदवारी कायम नरहने तथ्य र प्रमाण पेस गर्न सकेमा उनको अन्तरिम आदेशको निरन्तरता नरहन सक्नेछ भने दुई न्यायाधीशको इजलासले समेत अन्तरिम आदेशको निरन्तरता हुने आदेश गरेमा उनी चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनेछिन्।

सर्वोच्च अदालतको अन्तरिम आदेशविरुद्ध विपक्षी निर्वाचन आयोग भ्याकेट निवेदन लिएर सर्वोच्च जान समेत सक्छ। भ्याकेट निवेदन परेको अवस्थामा उक्त रिट दुई न्यायाधीशको इजलासमा जानेछ। उक्त इजलासले एक न्यायाधीशको इजलासले दिएको अन्तरिम आदेश खारेज गरेमा उम्मेदवारको दौड सकिनेछ भने निरन्तरता भएमा उनी चुनावी प्रतिस्पर्धामा सहभागी हुन पाउनेछिन्।

## भावी...

तर, उनको उम्मेद्वारीसँगै राष्ट्रपति हुने वानहुने भन्ने विषय अन्यौलमै देखिन्छ।

तर, सत्तागठबन्धन टुटेर एमालेसँगको समीकरणमा सरकार बन्ने अवस्था आए पुन एमालेले नै राष्ट्रपतिको भूमिका निर्वाह गर्ने अवस्था पनि आउन सक्छ। तर, हालसम्म शीर्षस्थ नेताहरुले सत्तागठबन्धनले नै आगामी सरकार सञ्चालन गर्ने दाबी गरिरहेकाले कांग्रेस, माओवादी वा एकीकृत समाजवादीमध्ये एउटा दलले पाउने सम्भावना उच्च छ।

राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव निर्वाचन आयोगले गराउने व्यवस्था रहेको छ। आयोगले प्रतिनिधिसभा, प्रदेशसभा र राष्ट्रियसभाको चुनाव सकेर राष्ट्रपति र उपराष्ट्रपतिको चुनावको मिति घोषणा गर्नेछ। राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल आगामी फागुन २८ गते सकिँदैछ।

## एकै...

गर्दै उल्लंघनका उजुरी र सूचना प्राप्त भएमा अनुसन्धान र कारबाही प्रारम्भ हुने बताए।

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरणअन्तर्गत खण्ड (क) मा 'कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने' व्यवस्था छ। आयोगमा हालसम्म १५० उजुरी परेकामा करिब ६० वटा स्पष्टीकरण सोधिएको छ।

आयोगले राष्ट्रिय भूमि आयोग, पर्वतका अध्यक्ष उदय सुवेदीलाई आफ्नो पदीय दायित्वसमेत ख्याल नगरी लगातार निर्वाचनसम्बन्धी दलका बैठक, कार्यक्रम र भेलालगायतमा सहभागी भएको भन्ने विषयमा निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालय पर्वतमा प्राप्त हुने गरी स्पष्टीकरण सोधेको छ।

आयोगले पर्वतको जलजला गाउँपालिका अध्यक्ष राजु आचार्यलाई आफू बहाल रहेको स्थानीय तहमा राजनीतिक दल र उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको विषयमा स्पष्टीकरण मागेको छ। आचार्यलाई आफ्नो पदीय दायित्वसमेत ख्याल नगरी लगातार निर्वाचनसम्बन्धी दलका बैठक, कार्यक्रम र भेलालगायतमा सहभागी भएको भन्नेसमेत व्यहोराको उजुरी आयोगमा प्राप्त भएकाले निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालय पर्वतमा प्राप्त हुने गरी स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ।

आयोगले पर्वतको कुश्मा नगरपालिका-९ का अध्यक्ष राम शर्मा लामिछानेलाई आफू बहाल रहेको स्थानीय तहमा राजनीतिक दल र उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको विषयमा पनि स्पष्टीकरण मागेको छ।

आयोगले नेपाली कांग्रेसको तर्फबाट पर्वतका प्रतिनिधिसभा सदस्यका उम्मेदवार अर्जुनप्रसाद जोशीलाई पर्वतको पञ्चकोसी माध्यमिक विद्यालयमा शैक्षिक सामग्री वितरण गरेको विषयमा स्पष्टीकरण सोधेको छ। कुश्मा नगरपालिका-१४ आर्थरस्थित सो विद्यालयमा केही दिन पहिले तरुण दलको नामबाट विद्यार्थीलाई कपी कलम वितरण गरेर अभिभावकलाई प्रभावित गर्न कोसिस गरेको भन्नेसमेत व्यहोराको लिखित उजुरी आयोगमा प्राप्त भएकाले स्पष्टीकरण सोधिएको हो।

आयोगले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को सरस्वती माध्यमिक विद्यालयका शिक्षक कृष्ण तिवारीलाई राजनीतिक संलग्नताका विषयमा स्पष्टीकरण सोधेको छ। आयोगले शिक्षक तिवारीलाई नेपाली कांग्रेसको नवलपुर क्षेत्र नं २(२) मा प्रदेशसभा कार्यसमिति सभापति पदमा बहाल रहेको र हाल नेपाली कांग्रेसको विभिन्न चुनावीसभा तथा कार्यक्रममा दलको प्रतिनिधिको रुपमा सहभागी भइरहेकाले आचारसंहिता अनुसारको कारबाहीका लागि आयोगमा उजुरी प्राप्त भएकाले स्पष्टीकरण सोधिएको हो।

आयोगले पर्वतको नारायणी माध्यमिक विद्यालयका शिक्षक सुभन्तराज सुवेदीलाई राजनीतिक दलको सभा, बैठकमा सहभागी भएको र गुल्मीको महेन्द्र आदर्श नमूना माध्यमिक विद्यालय, प्रधानाध्यापक अनन्तलाल भण्डारीलाई नेकपा (एकीकृत समाजवादी) को लुम्बिनी प्रदेश कमिटी सदस्यको जिम्मेवारीमा रहेको भन्ने विषयमा स्पष्टीकरण सोधिएको छ।

आयोगले सप्तरीको राजविराज नगरपालिकाका शाखा अधिकृत मनोजकुमार यादवलाई स्पष्टीकरण सोधेको छ। सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं २ का उम्मेदवार उपेन्द्र यादवको प्रचारप्रसार गरेको भनी उजुरी परेको सन्दर्भमा आयोगले यादवलाई स्पष्टीकरण सोधेको हो।

## सरकारी...

हजार पुऱ्याउने भन्दै एमालेले खाडीमा नभई स्वदेशमै नेपाली युवायुवतीलाई रोजगारी सिर्जना गर्ने बताएको छ।

वैदेशिक रोजगारीलाई बाध्यता होइन लाभको वैकल्पिक अवसरका रुपमा विकास गर्ने र वैदेशिक रोजगार क्षेत्रमा कडाइ गर्ने एमालेको लक्ष्य छ। त्यसैगरी वैदेशिक रोजगारीमा जानेका लागि न्यूनतम एउटा सीपमुलक तालिम दिने र विदेशबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र पुँजीको सदुपयोग गर्नेसम्बन्धी कार्यक्रम सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ।

वैदेशिक रोजगारीका क्रममा नेपालीहरुले प्राप्त गरेको सीपलाई प्रमाणीकरण गरी राष्ट्र निर्माणमा उपयोग गरिने भन्दै एमालेले देशमा प्राप्त हुने विप्रेषणलाई राष्ट्रिय उत्पादनमा लगाइने, विभिन्न देशमा विभिन्न कालखण्डमा औपचारिक वा अनौपचारिक ढंगले गएका श्रमिकहरुको संख्या, सेवाका सर्त र सविुधा तथा सहमतिहरु राष्ट्रिय हित अनुकुल नवीकरण गरिने बताएको छ। युवाहरुलाई तालिम र प्रशिक्षणद्वारा दक्ष तथा अर्धदक्ष श्रमिकका रुपमा विकास गरिने भन्दै घोषणापत्रमा भनिएको छ, 'केन्द्र, प्रदेश र स्थानीय तहहरुमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिने छ।'

रोजगारी र सामाजिक सुरक्षाको प्रबन्धबाट सबैका लागि काम र नियमित कमाइ सुनिश्चित गरिने र रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाउने घोषणापत्रमा उल्लेख छ। रोजगारी र स्वरोजगारी गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गरिने र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रतिवर्ष तीन लाख परिवारलाई आयआर्जनमार्फत खाद्य सुरक्षा प्रदान गर्ने ग्यारेण्टी गर्ने पनि एमालेको घोषणापत्रमा उल्लेख छ।

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं.-प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः- २०७९/०७/१६

यस कार्यालयले मिति २०७९/०५/०६ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना NCB/Bahradashi/GPPB/1/2079-80 को "गा. पा. प्रशासकीय भवन निर्माण" बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन गर्दा तपसिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतीको लागी सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.न. | ठेक्का प्याकेज | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (भ्याट तथा पि.एस. सहित) |
|---|---|---|---|
| १ | Construction of Ga. Pa. Prasasakiya Bhawan NCB/Bahradashi/GPPB/1/2079-80 | श्री भगवती - नेपाल पूर्वाधार जे. भी., ईलाम-७, ईलाम | रु. ६,१३,६१,०८२।०८ |

(खेमराज थापा)
प्रमुख प्रशासकीय अधिकृत

भूल सुधार

मिति २०७९/०७/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा.लि.को कतार र मलेशियामा रोजगार शिर्षकको, **L.T. No. 270199, LT. No.: 271846 & LT. No.: 274308** को विज्ञापनमा यस प्रा.लि.को ठेगाना निम्न अनुसार हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
Basundhara-3, Kathmandu Nepal
Tel No.: 4961807, 4962925
Mob. : 981-0004747, 980-2067941
Email: info@aarohihrsolutions.com
www.aarohihrsolutions.com

भूल सुधार

मिति २०७९/०७/१५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा. लि.को कतारमा रोजगार शिर्षकको, पुर्व स्वीकृत मितिः २०७९/०७/१४, चलानी नं.: ६०१९०१४७ र L.T. No.: 274523 को विज्ञापनमा कम्पनीको नाम : Three Peppers Restaurant र पुर्व स्वीकृत मितिः २०७९/०७/१४, चलानी नं.: ६०१९०१४८ र L.T. No.: 274524 को विज्ञापनमा कम्पनीको नाम : Group Security System Certis International (FiFA Project) विज्ञापनमा यस प्रा. लि.को नाम जब्स सेन्टर प्रा. लि.(श्रम इजाजत नं. ३२७/०५८/०५९) हुनुपर्ने र ठेगाना निम्न अनुसार हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

जब्स सेन्टर प्रा. लि.
श्रम इजाजत नं. ३२७/०५८/०५९। बाँसबारी-३, काठमाडौं, फोन: ४३७५८७६,४३७४९२३
Email: Info@getjobs.center, Website:http://getjobs.center

शैक्षिक कागजात हराएयो

मिति २०७९/०७/१३ मा बानेश्वर देखि तिनकुने सम्म जादाँ मेरो **NOC** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८०३२८७७०१ मा सम्पर्क गरिदिनुहोला।

नाम : एलिसा निरौला
ठेगाना : तिनकुने, काठमाडौं
Application Id :784249845
:784292611

Dullu Municipality
Office of Municipal Executive
Dullu, Dailekh, Karnali Province

Invitation For Bids

Bids No. 10 IFB No: GOOD/NCB/10/10/2079/080
First Date of publication: 15/07/2079

1. ***Dullu Municipality, Dailekh*** invites only electronic bids from Nepalese eligible bidders for the construction of ***below listed execution of works*** under National Competitive Bidding procedures.

| SN | Contract No | Work Description/ Name of Project | Estimated Amount With VAT | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GOOD/NCB/ 10/ 10/2079/080 | Supply & Delivery Of Medicine Items | 4050000.00 | 120000.00 | 3000.00 | 75Days |

2. a)Rajaswa (revenue) Khattano. 43400301010002 &
b) Dharauti Khatta (Deposit Acct.) No: 43400303000002
3. Electronic bids must be submitted before *12:00* on 15*/08/2079.*
The bids will be opened at *14:00* on *15/08/2079*

Chief Administrative Officer

# सबै जिल्लामा पहिलो चरणको निर्वाचन सामग्री ढुवानी



**काठमाडौं/मस–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका निर्वाचनका लागि सबै जिल्लामा पहिलो चरणको निर्वाचन सामग्री ढुवानी भइसकेको छ। यीमध्ये डोल्पा, मुगु, जुम्ला, हुम्ला, बाजुरा, गोरखा, मनाङ र सिन्धुली जिल्लालाई आवश्यक पर्ने सम्पूर्ण सामग्री ढुवानी भइसकेको छ भने बाँकी जिल्लामा थप सामग्री दोस्रो चरणमा लगिने कार्यक्रम रहेको निर्वाचन आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए।

हालसम्म आयोगले ९३ ट्रक सामान ढुवानी गरिसकेको छ। दोस्रो चरणमा धेरै जनसङ्ख्या र निर्वाचन क्षेत्र भएका तराईका जिल्लामा सामाग्री ढुवानी गरिने भएको छ।

सात जिल्लाको मतपत्र छपाइ बाँकी

निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत सात जिल्लाको मात्र मतपत्र छपाइ हुन बाँकी छ। समानुपातिक निर्वाचन प्रणालीतर्फको सबै मतपत्र छपाइ सम्पन्न भएर ७५ जिल्लामा ढुवानीसमेत भइसकेको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत अब काठमाडौं, ललितपुर, भक्तपुर, बारा, धनुषा, सर्लाही र रौतहट जिल्लाको मतपत्र मात्र छपाइ हुन बाँकी रहेको छ।

यी जिल्लामा करिब ८४ लाख मतपत्र आवश्यक पर्नेछ। आयोगले हालसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि करिब चार करोड तथा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि तीन करोड चौध लाख ५६ हजार पाँच सय मतपत्र छपाइ गरिसकेको छ। गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही, कपिलवस्तु, प्यूठान, रोल्पा, दाङ, सल्यान, रूकुमपश्चिम तथा रूकुमपूर्वका मतपत्र ढुवानीसमेत भइसकेको छ।

# मानव अंग दानलाई अभियानका रुपमा अगाडि बढाउनुपर्छ : मन्त्री श्रेष्ठ



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले मानव अंग दान गर्ने कामलाई राष्ट्रिय अभियानका रुपमा अघि बढाउनुपर्ने बताएका छन्।

मारवाडी सेवा समितिले मंगलबार पशुपति गौशाला धर्मशालामा आयोजना गरेको '८२ औं गोपाष्टमी उत्सव-२०७९'को अवसरमा उनले किड्नीलगायतका अङ्ग फेल भएर बसेकाको पुनर्जन्म हुने भएकाले मृत्यु पर्यन्त अङ्गदान गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाउन उपयुक्त हुने बताए।

मन्त्री श्रेष्ठले दान गरिएको अङ्गले मान्छेको पुनर्जन्म गराउने र उनीहरुको स्वस्थ जीवनले मुलुकलाई समृद्ध बनाउन योगदान पुऱ्याउने भएकाले पनि मानव अङ्ग दान अतिआवश्यक रहेको बताए। 'हामीसँग भएका केही अङ्ग यस्ता छन्, जसले मृत्युपछि पनि काम गर्दछन्, त्यस्ता अङ्गलाई दान गरे नयाँ कुनै व्यक्तिले नयाँ जीवन प्राप्त गर्न सक्छन्', उनले भने। अङ्ग दान गरेर अरुको जीवन दान गर्नु ठूलो मानवीय सेवा भएकाले यसलाई व्यापक बनाएर लैजानुपर्ने उहाँको भनाइ थियो।

# भारतद्वारा २०० थान सवारीसाधन सहयोग




**काठमाडौं/मस–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनका लागि नेपाललाई सहयोगस्वरुप भारतले दुई सय थान सवारीसाधन उपलब्ध गराएको छ। अर्थमन्त्री जनार्दन शर्मालाई अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतीय सरकारका तर्फबाट उपहारस्वरुप उपलब्ध गराइएका सवारी साधन(पीक भ्यान)को साँचो हस्तान्तरण गरे।

ती सवारी साधनमध्ये एक सय २० वटा सुरक्षा निकाय र बाँकी निर्वाचन आयोगलाई उपलब्ध हुनेछ। भारतले विगत वर्षमा पनि निर्वाचनका समयमा यस प्रकारको सवारीसाधन उपलब्ध गराउँदैआएकामा हालसम्म दुई हजार चार सय सवारी साधन उपलब्ध गराइसकेको छ। त्यसमध्ये दुई हजार सुरक्षा निकाय र ४०० थान निर्वाचन आयोगलाई प्राप्त भएको थियो।

हस्तान्तरण कार्यक्रममा अर्थमन्त्री शर्माले मुलुकमा शान्ति, स्थायित्व र सामाजिक आर्थिकरुपान्तरण र लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचन सामग्री महत्वपूर्ण रहेको बताए। उनले भने, 'हामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम सघाँरमा छौं। यो निर्वाचन नयाँ संविधान निर्माणपछिको दोस्रो अवधिको निर्वाचनले लोकतन्त्र सुदृढीकरण र आर्थिक सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।'

नेपालको आग्रहमा भारत सरकारबाट उपहारस्वरुप ती सवारी साधन प्राप्त भएकामा धन्यवाद ज्ञापन गर्दै अर्थमन्त्री शर्माले भारत हाम्रो महत्वपूर्ण विकास साझेदार रहेको बताए। 'छिमेकी हुनुका नाताले भूकम्प र कोभिड-१९को सङ्कटका समयमा पनि महत्वपूर्ण सहयोग भएको थियो। रासायनिक मल प्राप्त हुने चरणमा छ, त्यसका लागि पनि भारतलाई धन्यवाद छ। दुई देशबीचको व्यापार सन्तुलन गर्ने हाम्रो महत्वपूर्ण कार्यभार रहेको छ,' उनले भने, 'नेपालको विद्युत् भारतीय बजारमा लैजानका लागि राजदूतले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। दुई देशबीचको सामाजिक, सांस्कृतिक, व्यापारिकसम्बन्ध विस्तारमा यस्ता सहयोगले सघाउनेछ।'

राजदूत श्रीवास्तवले उपहारस्वरुप उपलब्ध गराइएका सवारीसाधन नेपाल र भारतबीचको सौहार्दपूर्ण सम्बन्धको प्रतिकारुपमा रहेको बताए। उनले भने, 'नेपाल प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको आगामी निर्वाचनको तयारीमा जुटेको छ, चुनावी कार्यक्रममा सहयोगका रुपमा हामीले सवारीसाधन उपलब्ध गराउन पाएकामा खुसी व्यक्त गर्न चाहन्छौं।'

कार्यक्रममा गृहमन्त्रालयका सचिव विनोदप्रकाश सिंह, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह र सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्यालगायतको सहभागिता थियो।

# प्रधानसेनापति र अमेरिकी राजदूतको भेट



**काठमाडौं/मस–** प्रधानसेनापति प्रभुराम शर्मासँग नेपालका लागि अमेरिकी राजदूत डिन रिचार्ड थोम्पसनले भेट गरेका छन्।

सैनिक मुख्यालय जङ्गीअड्डामा भएको भेटवार्तामा उनीहरुबीच दुई पक्षीय हित तथा पारस्परिक सम्बन्धका विषयमा विचारविमर्श भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। सेनाले यस्ता भेटघाटले दुई देशबीचको सम्बन्धलाई सुमधुर एवं प्रगाढ तुल्याउन थप मद्दत पुग्ने विश्वास लिएको छ।

# ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा



**नवलपरासीपूर्व/मस–** नवलपरासीपूर्वको मध्यविन्दु नगरपालिका-९ की पुतलीकुमाल ७५ वर्ष पुगे। उमेर ढल्कँदै गएपछि विभिन्न स्वास्थ्य समस्याले उहाँ पीडित हुनुभएकीमा स्वास्थ्यकर्मीले घरमै आएर स्वास्थ्यजाँच गराउन थालेपछि खुसी भएका छन्।

स्वास्थ्यकर्मीले घरमै आएर उच्च रक्तचाप, सुगर, दमलगायत रोग जाँच गरी आवश्यक औषधि निःशुल्क उपलब्ध गराएका छन्।

सोही वडाकै ७८ वर्षीय रोशन सिंहलाई पनि उच्च रक्तचाप र दमको समस्या छ। आफैं अस्पताल पुगेर औषधि लिन उनलाई समस्या थियो। गत साउनदेखि स्वास्थ्यकर्मी घरमै आएर जाँच गरी औषधि दिन थालेपछि उनी पनि खुसी भइका छन्।

उक्त नगरपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा ७० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा कार्यक्रम समावेश गरी नगरभित्रका १५ वटै वडामा गत साउनदेखि यपचारात्मक कार्यक्रम सञ्चालन गरेको छ। उक्त नगरपालिकामा चालु आर्थिक वर्षदेखि महिनाको एक पटक ज्येष्ठ नागरिकको घर घरमा नै पुगेर स्वास्थ्य परीक्षण गर्न थालिएको हो। प्रत्येक महिनको २० देखि २४ गतेसम्म स्वास्थ्यकर्मी घरघरमै स्वास्थ्य परीक्षणका गर्ने क्रममा उनीहरुको मासिक स्वास्थ्य र अवस्थाबारे अभिलेख राखिनका साथै आवश्यक परामर्श प्रदान गर्ने पनि गरिएको नगरपालिकाका स्वास्थ्य शाखाप्रमुख ख्यामबहादुर क्षेत्रीले बताए। 'घरघरमा स्वास्थ्य परीक्षण कार्यक्रमअन्तर्गत नगरभित्रका करिब दुई हजार तीन सय ज्येष्ठ नागरिकले लाभ लिएका छन्' उनले भने, 'यसबाट अशक्त, अपाङ्ग, दीर्घरोगी र पहाडी क्षेत्रका ज्येष्ठ नागरिकलाई अझ प्रभावकारी भएको महसुस गरिएको छ।'

भौगोलिक दृष्टिले विकट पहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकदेखि आर्थिक अवस्था कमजोर भएका घरपरिवारले यस कार्यक्रमबाट लाभ लिएको नगरप्रमुख भीमलाल अधिकारीले बताए।

जनताका बीचमा गरिएको प्रतिबद्धताअनुसार ज्येष्ठ नागरिकलाई घरआँगनमै स्वास्थ्य परीक्षण गर्न १५ वटै वडामा स्वास्थ्यकर्मीको टोली गाउँगाउँ खटिएको बताए उनले भने, 'हामीले पहिलो चरणमा उहाँहरूको स्वास्थ्य परीक्षण गरी सामान्य औषधि वितरण गरिरहेका छौं। स्वास्थ्य चौकीमा निःशुल्क नपाइने औषधि पनि खरिद गरेर वितरण गर्दै आएका छौं।'

पहिलो चरणमा सबै ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था, सेवन गरिरहेको औषधिको विवरणलगायत आधारभूत तथ्यांक टिपोट गरी लगत संकलन गरिएको छ। सबै लाभग्राहीको छुट्टाछुट्टै रेकर्ड फाइल तयारी गरी अवस्था विश्लेषण गर्ने गरिएको छ। प्रत्येक ६/६ महिनामा विशेषज्ञ चिकित्सकसहित घरघरमा स्वास्थ्य परीक्षण गरिएको र घरघरमा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षणमा खटिने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहान भत्तासमेत उपलब्ध गराइएको नगरपालिकाका सूचना अधिकारी सुमनराज रेग्मीले बताए।

# दुर्घटनापछि फरार चालक पक्राउ



**भैरहवा/मस–** ओमसतिया गाउँपालिका-४ पननीमा तीन जनाको ज्यान जाने गरी भएको दुर्घटनाको कार चालक पक्राउ परेका छन्।

दुर्घटना पश्चात कारसहित फरार रोहिणी गाउँपालिका-३ का अजयकुमार चौधरीलाई रुपन्देही प्रहरीले भैरहवाबाट पक्राउ गरेको हो। प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार चौधरीलाई भैरहवाको गल्लामण्डीबाट पक्राउ गरिएको हो। सोमबार भएको दुर्घटनापछि कार चालक चौधरी फरार थिए। प्रहरीले दिनभरि कारको खोजी गर्दा नभेटेपछि रु २५ हजारको पुरस्कारसहित सर्वसाधारणलाई सूचना दिन अपिल गरेको थियो। सोमबार साँझ नै प्रहरीले बा८च ६५३२ नम्बरको कार सिद्धार्थनगर नगरपालिका-११ पिप्रहियामा तिरपालले छोपेको अवस्थामा फेला पारेको रेग्मीले जानकारी दिए।

फिक्का निलो रङको टाटा भिष्ट कारको टुक्रा घटनास्थलमा भेटिएको थियो। सोही प्रमाणका आधारमा प्रहरीले अनुसन्धान सुरु गरेको थियो। सोमबार भैरहवा परासी हुलाकी सडक खण्डमा भैरहवाबाट परासीतर्फ जाँदै गरेको सो कारले पाँच पैदलयात्रीलाई ठक्कर दिएको थियो। त्यसमध्ये ३५ दिने शिशुसहित दुई जनाको ज्यान गएको थियो। मृत्यु हुनेमा २८ वर्षीया प्रमिला कुर्मी, १४ वर्षीया सीमा कुर्मी र ३५ दिनको शिशु थिए।

### दुई भारतीय हतियारसहित पक्राउ

रुपन्देही प्रहरीले लुम्बिनीमा लुटपाट गर्ने दुई भारतीयलाई हतियारसहित पक्राउ गरेको छ। गत असोज २३ गते लुम्बिनी सांस्कृतिक नगरपालिका-६ पर्सा महिलावारको नवजीवन स्कुल अगाडि दुवै जनाले हतियार देखाइ लुटपाट गरेका थिए।

प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार दुवै जना लु५०प ७५९ नम्बरको मोटरसाइकलमा सवार रहेका थिए। उनीहरुले लुम्बिनी सांस्कृतिक नगरपालिका-११ मोग्लहास्थित लुम्बिनी रेमिट एण्ड कम्युनिकेशनका कर्मचारीबाट रु १० लाख ९० हजार लुटेका थिए।

प्रहरीले यही कात्तिक १० गते दुवैजनालाई कोटहीमाई गाउँपालिका-१ सिपवाबाट पक्राउ परेको रेग्मीले बताए। पक्राउ पर्नेमा भारत उत्तर प्रदेशको गोरखपुरका चालक २८ वर्षीय सुनीलकुमार सहनी र सोही ठाउँका २६ वर्षीय शशीकान्त भट्ट रहेका छन्। उनीहरुबाट प्रहरीले एउटा भारतीय नम्बर प्लेटको मोटरसाइकल, एउटा पेस्तोल, म्याग्जिन, पाँच राउण्ड गोली, कटुवा पेस्तोल एक थान, त्यसमा प्रयोग हुने गोली, मोबाइल तथा परिचयपत्र बरामद गरेको छ। पक्राउ परेका दुवैलाई रुपन्देही जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको रेग्मीले जानकारी दिए।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०६/१३ मा दर्ता भएको **प्रा.लि. नं. ७६५९६** को **तनहुँ हेल्थ केयर सेन्टर प्रा.लि.**को मिति २०७९/०५/०८ गतेको विषेश साधारण सभा बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३, ईमेल :** rokayasherbahadur723@gmail.com

**VACANCY ANNOUNCEMENT**

One of the reputed company is seeking for following applicants.

Salary: Negotiable

- **Receptionist : 1 (F)**
  Requirements: +2 Above
- **Ticketing BookingOfficer : 1 (M/F)**
  Requirements: IIATA Training Required
- **PRO : 3 (M/F)**
  Requirements: 5 years experience in related field.

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) | TOP 11 (FY2021-2022) | ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

**Contact No.: 9851180182, 9851325787**

**Email: ceo@amgroup.com.np**

**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**केराबारी, मोरङ**
**प्रदेश नं. १, नेपाल**

**गै.स.सं.बाट झोलुङ्गे पुल कार्य सम्बन्धी प्रस्ताव आव्हान् सम्बन्धी १५ दिने सूचना**

**सूचना प्रकाशन मितिः २०७९/०७/१६**

संघीय सरकारको सशर्त अनुदान मार्फत यस केराबारी गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन हुने झोलुङ्गे पुल कार्यक्रमको लागि समुदायलाई प्राविधिक एवं समाजिक संगठनात्मक सहयोग उपलब्ध गराउन इच्छुक झोलुङ्गे पुल सम्बन्धी कार्य अनुभव भएको स्थानीय गै.स.सं./सामुदायिक संस्थाहरूबाट प्रस्ताव आव्हान् गरिएको छ। गै.स.सं. छनौट तथा परिचालन दिग्दर्शन २०६४ बमोजिम हुनेछ। प्रस्ताव फारम गाउँ कार्यपालिकाको कार्यालय केराबारी मोरङबाट प्राप्त गर्न सकिनेछ। प्रस्ताव फारमको दस्तुर वापत रू.१००० (अक्षरेपी रू. एक हजार मात्र) बुझाउनु पर्नेछ। प्रस्ताव फारमको लागि संस्था दर्ता एवं नविकरण, मु.अ. कर दर्ता, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणको प्रतिलिपि सहित मिति २०७९/०७/३० गते कार्यालय समय भित्र प्रस्ताव फारम खरिद तथा २०७९/०८/०१ दिनको १२ बजे भित्र प्रस्ताव दर्ता गर्नुपर्नेछ।

विस्तृत सूचना, प्रस्तावना फारम र गै.स.सं. छनौट तथा परिचालन दिग्दर्शन, २०६४ को लागि केराबारी गाउँपालिकाको वेवसाइट www.kerabarimun.gov.np मा हेर्न र ९८५२०८०२१७ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१६ कार्तिक २०७९, बुधबार
2 November 2022, Wednesday

सम्पादकीय

## एकातिर यात्रा, अर्कातिर बाचा

मुलुक चुनावमा होमिएसँगै उम्मेद्वारहरू जनताको आँगनसम्म पुग्ने क्रम बढेको छ । निर्वाचन आयोगले औपचारिक प्रचारको अवधि १७ कात्तिकबाट मात्रै शुरू हुने तालिका तय गरेपनि उम्मेद्वारहरूको दौडधुप भने बढेको छ । असोज २३ गते मनोनयन दर्ता गरेका मध्ये अन्तिम नामावली प्रकाशित उम्मेद्वारहरू यतिबेला आफ्नो प्रचारमा व्यस्त देखिन्छन् । सधैं राजधानी उपत्यका र शहरी क्षेत्रमा भेटिने नेताहरू पनि यतिबेला गाउँघरतिर घुमिरहेका छन् । चाँडपर्वको समेत सिजन यसैबेला भएकाले उम्मेद्वारहरूलाई मतदाता भेट्न समेत परेको देखिन्छ । किनकि चाँड मनाउन टाढा रहेकाहरू दशैं अगाडि नै घर फर्किएका छन् । ती मध्ये कतिपय दशैं मनाएर र कतिपय तिहार मनाएर फेरि कर्मक्षेत्रमा फर्किएका छन् । तर कतिपय भने अझै घरै बसिरहेका छन् । उनीहरू नै अहिले उम्मेद्वार र नेताहरूको प्राथमिकतामा परेका छन् ।

लोकतन्त्रको प्रक्रिया चुनावका बेला मतदाता बलशाली बन्नु हो । मतदाताको मत एकपटक लिइसकेपछि फेरि अर्को चुनावसम्म उनीहरू भूमिकाविहीन हुन्छन् । जितेर आउने जनप्रतिनिधि सरकार निर्माण, कानून निर्माण जस्ता कार्यमा तल्लीन हुन्छन् । त्यसैले अहिले आफ्नो समक्षा खडा भएका उम्मेद्वार र नेताबारे मतदाता सचेत हुन जरूरी छ । अझ उनीहरूले बोल्ने बोली र गर्ने प्रतिबद्धताबारे गम्भीर बन्न आवश्यक छ । किनकि उम्मेद्वारहरूले चुनावका बेला सधैं रंगीन सपना देखाउने, तर जितिसकेपछि आफैले देखाएका सपनाप्रति बेखबर हुने प्रवृत्ति नौलो होइन ।

अझ यसपटक त दल र तिनका उम्मेद्वारहरूको बोली व्यवहारमा आकाश–पातालको फरक देखिएको छ । सार्वजनिक भइसकेका ठूला दलहरूको घोषणापत्रमा समेटिएको विषयले नै त्यस्तो पुष्टि हुन्छ । सत्ता र विपक्षी गठबन्धनमा परस्पर विचार नमिल्दा दलहरू सामेल छन् । उनीहरूले गठबन्धनका तर्फबाट साझा उम्मेद्वार समेत खडा गरेका छन् । तर आफ्नो घोषणापत्र भने अर्का दलसँग मिल्दैन । कम्तिमा अघिल्लो चुनावमा वाम गठबन्धनले साझा घोषणापत्र सार्वजनिक गरेको थियो । त्यसैआधारमा सरकार समेत बनाएको थियो । तर अहिले कुनै सैद्धान्तिक आधार नमिल्ने दलहरूबीच गठबन्धन छ । तसर्थ उनीहरूको मिठो प्रतिबद्धताले ठूलो राख्ने देखिदैन । दलहरूको प्रतिबद्धता एकातिर र यात्रा अर्कोतिर देखिएको छ । यस्तो बेलामा मतदाताले बढी विवेक प्रयोग गर्नुपर्ने हुन्छ । तर अब हामीसँग धेरै समय छैन । तसर्थ विवेक निर्माणमा ढिलाइ गर्न हुन्न ।


# व्यवस्थित सहरीकरणको योजना

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

विश्वभरिकै धेरै जनसंख्या चीनमा छ । चीन हाम्रो नजिकको छिमेकी हो, चीनबाटै सहरीकरण शुरु भएको हो भने बाटाघाटाहरुमा पनि ऊ अब्बल छ । सहरभरी नै चक्रपथहरु छन्, विकासमा सडक, यातायात जस्ता पूर्वाधारको मुख्य भूमिका हुन्छ । उन्नत सहर बेइजिङ्गमा मात्रै ७ वटा चक्रपथ, गोन्जाओमा ८ वटा, संघाइमा ९ वटा छन् । नेपालमा सहरी विकास भएको भनिएको छ, बनेको चक्रपथको हालत खराब छ, अन्य बाटाघाटाहरुमा सवारी दुर्घटना नभएको दिन छैन । दशैं र तिहारमा मात्रै भएका दुर्घटना जोड्ने हो भने सबैको आङ्ग सिरिङ्ग गर्छ, यसैपालि पनि । काठमाडौंको बाहिरी चक्रपथको योजना अलपत्र छ । सभ्य र विकसित भनिएको सहर काठमाडौं कुरूप छ, खानेपानी छैन, फोहोरको डुँगुरले बालेनलाई सताएको छ । भएका भनिएका संरचनामा डोजर कुद्दैछन् ।



आधुनिक सभ्यताको मानक नै सुविधायुक्त सहर हो, राम्रो आवास हो । सरकारले सहरीकरण भइरहेका राजधानी काठमाडौंलगायत विराटनगर, इटहरी, बीरगन्ज, जीतपुर सिमरा, पोखरा, बुटवल सिद्धार्थनगर, नेपालगन्ज कोहलपुर एवम् धनगढी अत्तरिया क्षेत्रलाई मेगासिटीको रूपमा विकास गर्ने लक्ष्य राखेको छ, तर स्मार्ट सिटी बन्नुअघि नेतृत्व नै स्मार्ट बन्नुपर्छ, जुन छैन । अब त देशमा गठजोडभन्दा बाहेक बाँकी काम केही नहुने भएको छ । सहरहरुलाई स्मार्ट सिटीको रूपमा तयार गर्ने, पूर्वाधार राम्रो तय गर्ने, ऐतिहासिक एवम् सांस्कृतिक महत्वका सहरहरुलाई पुनरुत्थान गर्ने भनिन्छ, तर झुठको पुलिन्दा बन्छ बजेट वक्तव्य । गत वर्षभित्रै देशभरी नै १८५ नगरपालिकाहरुलाई व्यवस्थित सहरका रूपमा विकास गर्ने भनेको थियो ।

रुकुम पूर्व र नवलपरासी पूर्व जिल्ला सदरमुकामको भौतिक विकास योजना तयार गरी नमुना सदरमुकामको रूपमा विकास गर्ने, हुलाकी र मध्य पहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा आधुनिक नयाँ सहरको पूर्वाधार विकास गर्ने, उपत्यकाभित्रका प्राकृतिक स्रोत, नदी कोरिडोर, सडक, यातायात, फोहर मैला, ढल, सांस्कृतिक सम्पदा र धरोहरको एकीकृत विकास र व्यवस्थापन गर्ने गरी बृहत्तर गुरुयोजना तय हुने प्रतिबद्धता पनि व्यक्त गरिएको थियो । अति विपन्न, लोपोन्मुख, सिमान्तकृत परिवारका लागि सुरक्षित, किफायती, वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत काठ र जस्तापातामा अनुदान दिने, यसै वर्षसम्म जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिमरहित स्थानमा सुरक्षित आवासको व्यवस्था गर्ने, बाढी, पहिरोमा परी घरबार गुमाएका र धन जनको क्षति भएका सुर्खेत, बर्दिया, दाङलगायत तराई मधेश तथा पहाडी जिल्लाहरुमा घर पुनर्निर्माण कार्यसमेत अघि बढाइने प्रतिबद्धता जनाइएको थियो । काठमाडौंमा संघीय संसद, राजकीय अतिथि गृह, मन्त्री निवास, प्रदेश प्रमुख र मुख्य मन्त्रीको सम्पर्क कार्यालय र निवास निर्माण गरिने, काठमाडौं उपत्यकामा अघिल्लो वर्ष नै ३ हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण पूरा गर्ने, काठमाडौं उपत्यकालाई धुलो मुक्त गराउन पैदलमार्गलाई व्यवस्थित गरिने प्रतिबद्धता थियो । त्यस्तै, निर्माण सामग्रीको ढुवानी गर्दा सुरक्षित विधि अपनाइने, विद्युतीय सवारी साधनलाई प्रोत्साहन गरिने, सडक निर्माण गर्दा अनिवार्य पैदल पेटी निमार्ण गराउने, सरकारी जग्गा संरक्षण गरी पार्क र खुल्लाक्षेत्रको व्यवस्था गर्ने, ठूला सहरहरुमा बिजुली, टेलिफोन, केवलहरुको तारलाई भूमिगत गराइने स्वच्छ र हराभरा सहर निर्माणमा निजीक्षेत्र समेतको सहकार्य गरिने, नगरस्तरीय पूर्वाधार आयोजनाहरु स्थानीय तहको साझेदारीमा समेत सन्चालन गरिने जस्ता धेरै सपनाहरु सरकारले बाँडेको थियो । धेरै पहिले, यसमा नेता आवास बाहेक अरु त चिल्लै छन् ।

नेपालको संविधानले नागरिकलाई आवासको हकको प्रत्याभूति गरेको छ । यसका लागि आवास अधिकारसम्बन्धी ऐन २०७५ लागु पनि छ । देशभरका भूमिहीन, आवासबिहीन नागरिकहरुलाई न्यूनतम आवासको सुबिधा उपलब्ध हुने पनि भनिएको छ, तर यस्तो सुविधा पाउन दल निकट नै हुनुपर्छ र भोट बैंक पनि । अबको दुई वर्षभित्र २० लाख आवास इकाइहरु निर्माण पनि गरिसक्नु पर्ने हो, तर छैन, जनता आवास कार्यक्रम पनि अधुरो छ । नदी किनारका सुकुम्बासीहरुको हालत उस्तै छ, राजधानी सहरका सुकुम्बासीहरु अझै अलपत्र छन् । वि.सं. २०६८ सालमा यहाँको बाटो बिस्तार गर्ने क्रममा उनीहरुलाई अपार्टमेण्ट उपलब्ध गराइने भनिएको थियो । हो, नागरिकहरुलाई आवास चाहिन्छ, तर त्यो भन्दा पहिले शिक्षा चाहिन्छ, त्यो पनि शिपमूलक, अनि रोजगारी चाहिन्छ र अचल सम्पति जोड्नका लागि कमाइ गर्ने वातावरण राज्यले तय गरिदिनुपर्छ । जग्गा दिने नै हो भने देशभरी तीन पुस्ते अभिलेख हेरेर नभएमात्र केही समयलाई भोगाधिकार दिन सकिन्छ । न्यूनतम नाना, खाना र छानाको वातावरण सरकारले तय गर्नुपर्छ । जग्गा बाँडेर दीर्घकालिन समाधान हुन्न, जग्गा दिएपछि न्यूनतम पूर्वाधार अनि शिक्षा, रोजगार, स्वास्थ्य सुबिधा मात्रै नभएर भविष्यको जोहो, परिवारको भरण पोषण, बीमालगायतका सबै काम सरकारले जिम्मा लिनुपर्ने हुन्छ ।

> मुलुकमा ५५ लाख जति आवासीय संरचनाहरु छन्, जसमा ६५ लाख जति परिवार बसोबास गर्छन् । तीमध्ये कोही घरपरिवार आफ्नै स्वामित्वमा छन् भने कोही त अर्काको घरमा भाडामा बस्ने गरेका छन् । सबैलाई विद्युत र पानी आपूर्ति भएको छैन, भएकामा नियमित छैन, शौलाचयको असुविधा छ । सरसफाइ राम्रो छैन । महँगो शुल्क तिर्दा पनि समयमा फोहोर उठ्दैन ।

अघिल्लो सरकारले बजेट ल्याउँदा व्यवस्थित आवासका लागि एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गर्दै राजधानीको चाँगु नारायण, सूर्य विनायक, मध्यपुर थिमी, शंखरापुर र कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रका चार स्थानमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गरी सार्वजनिक निजी साझेदारीमा नयाँ सहर निर्माण गर्ने भनेको थियो, राजधानी बाहिर म्याग्लुंग, रामेछाप, झिमफेदी, बन्दीपुर, तानसेन, जुम्ला, सिलगढी आदि पुराना सहरमा सहरी पूर्वाधार विकास गर्ने पनि । त्यति मात्र होइन सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १ लाख ६८ हजार घरका खर र फूसका छानालाई जस्ता पाताले प्रतिस्थापन गर्ने, सर्लाही, ताप्लेजुंग लगायत ७३ जिल्लाका अति विपन्न, लोपोन्मुख, सीमान्तीकृत वर्गका २१ हजार ८ सय घर परिवारलाई जनता आवास कार्यक्रमअन्तर्गत निर्माणाधीन घर विगतमै सम्पन्न हुने गरी हस्तान्तरण गरिने पनि भनियो ।

मुलुकमा ५५ लाख जति मात्र आवासीय संरचनाहरु छन् । जसमा ६५ लाख जति मात्र परिवार बसोबास गर्छन् । ती मध्ये कोही घरपरिवार आफ्नै स्वामित्वमा छन् भने कोही त अर्काको घरमा भाडामा बस्ने गरेका छन् । सबैलाई विद्युत र पानी आपूर्ति भएको छैन, भएकामा नियमित छैन, शौलाचयको असुविधा छ, सरसफाइ राम्रो भएन, महँगो शुल्क तिर्दा पनि समयमा फोहोर उठ्दैन । मुलुकमा केही वर्ष यतादेखि सहरीकरणको विकास तीब्र छ । बस्ती, बाटा बढ्ने क्रममा प्रकृति दोहन हुँदा बाढी, पहिरोको जोखिम बढेको छ, डोजरे असारे विकासले विनाश निम्त्याएको छ, भूधरातलको वैज्ञानिक अध्ययन बिना नै सहरीकरण भएको छ । धेरै जनसंख्या नगरपालिका क्षेत्रमा बसोबास गर्ने भनियो तर त्यहाँ हुनु पर्ने न्यूनतम पूर्वाधार भएनन् । जग्गाको मूल्याँकन बढाएर केवल राजस्व संकलनको उद्देश्य पूरा गरेर गाउँको विकास हुने होइन ।

स्थानीय तहले नागरिकहरुलाई सेवा, सुविधा र अवसर भने थप्न सकेनन् । नगरक्षेत्रमा सडक, यातायात, इन्धन, पानी, विद्युत, ढल निकास, पार्क, मनोरजनस्थल, खुल्ला क्षेत्र तय हुनै सकेन, सबै विषयहरुको आपूर्ति कठिन भयो, नगरपालिकाहरु राजनैतिक भर्तीकेन्द्र र कर उठाउने मात्र भए । सिँहदरबार गाउँ पस्यो । सडक र निकासको अवस्था हेर्दा राजधानी उपत्यका अझै उस्तै छ, कृषियोग्य उर्वर जमिनमा आवासहरु निर्माण भए जसले गर्दा खाद्यान्नको भारी संकट छ । आवासका न्यूनतम मापदण्ड पूरा नहुँदा सहरी क्षेत्रमा दमकल, पानीका टैंकर, ट्याक्सी, एम्बुलेन्ससम्म सबैतिर छिर्न सक्दैनन् । सार्वजनिक क्षेत्रमा अतिक्रमण बढ्यो, खुल्ला ठाउँको अभाव भयो, भूकम्पको पीडा कम गर्न सहरमा त्रिपालसमेत राख्ने ठाउँ भएन । सार्वजनिक कार्यालयहरुका भवनहरु एकीकृतरूपमा एकै स्थानमा राख्न सकिएन, जसले गर्दा सेवाग्राहीले सास्ती व्यहोर्नुपर्‍यो । भवनहरुको ढाँचामा एकरूपता भएन, कार्यालयहरुको आफ्नो भवन नहुँदा लागत धेरै त भयो नै, सेवा प्रवाहमा थप समस्या देखियो । निजीक्षेत्रमा कम आय भएका परिवार अनि छरिएर रहेको वस्तीलाई एकीकृत गरी सुविधा योग्य, सुरक्षित र पहुँचयोग्य आवास व्यवस्था गर्न सकिएन ।

आधुनिक सभ्यताको मानक नै सुविधायुक्त सहर हो, राम्रो आवास हो । सरकारले सहरीकरण भइरहेका राजधानी काठमाडौंलगायत विराटनगर, इटहरी, वीरगन्ज, जीतपुर, पोखरा, बुटवल, कोहलपुर, अत्तरियाक्षेत्रलाई मेगासिटीको रूपमा विकास गर्ने लक्ष्य राखेको थियो । हुलाकी र मध्य पहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा आधुनिक नयाँ सहरको पूर्वाधार विकास गर्ने, उपत्यकाभित्रका प्राकृतिक स्रोत, नदी कोरिडोर, सडक, यातायात, फोहर मैला, ढल, साँस्कृतिक सम्पदा र धरोहरको एकीकृत विकास र व्यवस्थापन गर्ने गरी बृहत्तर गुरुयोजना तय हुने, अति विपन्न, लोपोन्मुख, सिमान्तकृत परिवारका लागि सुरक्षित, किफायती, वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत काठ र जस्तापातामा अनुदान दिने, जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिमरहित स्थानमा सुरक्षित आवासको व्यवस्था गर्ने, बाढी, पहिरोमा परी घरबार गुमाएका र धन जनको क्षति भएका सुर्खेत, बर्दिया, दाँग लगायत तराई मधेश तथा पहाडी जिल्लाहरुमा घर पुनर्निर्माण कार्य समेत अघि बढाइने जस्ता नारा थिए, सबै अधुरा छन् । विदेशतिर पानी परेको पाँच मिनेटमा पानी हराउने यहाँ बाटो हराउने ठीक उल्टो छ । भैंसेपाटीको आवास भने तयारी छ, बाँकी समस्या ट्राफिक जाम, धुलो र घुवाँ बढेको छ । बस्ती सखाप हुँदा जनताले सुरक्षित आवास पाएनन्, कठ्यांग्रिदो जाडोको मौसम, हावाहुरीको डरबाट सुरक्षित हुन सकेनन्, बुढाबुढी, सुत्केरी, अशक्त र बिरामीहरुको हालत त्यस्तै छ ।

## सामाजिक सञ्जाल



- विनोद न्यौपाने

